**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**
**BROADCAST:18:40hrs** **Date:29.04.2024**

---

## Lok sabha election

देशमा अठारौं लोकसभा गठन गर्न तेस्रो चरणमा हुने चुनाउका लागि विभिन्न राजनीतिक दलहरूको प्रचार अभियान चरममा पुगेको छ। मतदान सात मईमा हुनेछ।

भारतीय जनता पार्टी, कांग्रेस, बामदल, तृणमूल काँग्रेस, समाजवादी पार्टी, बहुजन समाज पार्टी, शिवसेना, रास्ट्रवासी काँग्रेस पार्टी, जनता दल चुनाइटेक, रास्ट्रिय जनता दल र अन्य दलका नेताले चुनाउ प्रचार गरिरहेछन्।

अर्कातिर लोकसभा चुनाउको चौथो चुरणका लागि उम्मेदवारहरूले आफ्नो नाम फिर्ता लिने आज अन्तिम दिन थ्यो । यस चरणमा आउँदो महीना तेह्र तारीक नौ वटा राज्य र एक केन्द्रशासित प्रदेशका जम्मा छयानब्बे लोकसभा सीटहरूका लागि मतदान हुनेछ।

---

## Postal ballots

राज्यमा जिल्ला मुख्यालयहरूलाई डाक मतपत्रहरू प्राप्त हुने क्रम जारी छ।

गेजिङ जिल्लामा आज सेवा मतदाताहरूका जम्मा तेइसवटा डाक मतपत्रहरू पेलिङ डाक घरघरवाट चुनाउ विभागका अधिकारीलाई हस्तान्तरण गरियो यस अवसरमा जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री एम भरनी कुमार, जिल्ला प्रशासनिक केन्द्रका अधिकारीहरू र विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरू उपस्थित थिए।

भारतको निर्वाचन आयोगको मानदण्ड अनुरूप प्राप्त भएका सबै डाक मतपत्रहरूलाई सीलबन्द गरी जिल्ला प्रशासनिक केन्द्र राब्देन्चीमा स्थापित स्ट्रङ रूममा राखिएको छ।

---

## ETPBS meeting

यसैवीच नाम्ची जिल्ला प्रशासनिक केन्द्रमा आज विभिन्न राजनीतिक पार्टीका उम्मेदवारहरूको चुनाउ एजेन्टहरूसित बैठक आयोजन गरियो।

सेवा मतदाताहरूका लागि इलेक्ट्रोनिक रूपमा प्रेषित डाक मतपत्र प्रणाली ETPBS मार्फत प्राप्त डाक मतपत्रहरूको संग्रह सम्वन्धमा डाकिएको बैठकको अध्यक्षता जिल्लाधीश तथा जिल्ला निर्वचन अधिकारी श्रीमती अन्नपूर्ण आलेले गर्नुभयो।

यसमा सम्वन्धित विधानसभा समस्टिका रिटर्निङ अधिकारीहरू, ETPBS प्रणालीका नोडल अधिकारीहरू र चुनाउ अधिकारीहरू पनि उपस्थित थिए।

बैठकलाई सम्वोधन गर्दै जिल्लाधीशले इलेक्ट्रोनिक रूपमा प्रेषित डाक मतपेटीहरू भारतको चुनाउ आयोगको निर्देश अनुरूप सुरक्षित रूपमा राखिएको जानकारी दिनुभयो।

जिल्लाका सबै सात निर्वाचन क्षेत्रहरूका लागि अहिलेसम्म दुई सय पैंसठी वटा डाक मतपत्रहरू प्राप्त छन्।

---

## CM

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज केन्द्रीय मन्त्री श्री किनेन रिजिजूसित भेट गर्नुभयो।

नयाँ दिल्लीको अन्तर्रास्ट्रिय हवाई अड्डामा श्री रिजिजूसित भेट भएको जानकारी मुख्यमन्त्रीले आफ्नो आधिकारिक फेसबुक पेजमा दिनुभएको छ।

श्री तामाङले आफ्नो दिल्ली भ्रमणको क्रममा हिजो सिक्किम हाउसमा राज्यका राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यसित भेट गर्नुभएको थियो।

---

## Calf rally

विश्व पशुचिकितसा दिवसको अवसरमा हिजो राज्यमा विभिन्न कार्यक्रमहरू आयोजित भए।

कार्यक्रमको एक भागको रूपमा उत्तर सिक्किमको मंगनमा आज बाछा ऱ्याली निकालियो।

सामुदायिक केन्द्र पेन्तोकमा आयोजित बाछा ऱ्यलीमा तीनदेखि आठ महीनासम्मका तीसवटा बाछाहरू प्रदर्शन गरियो।

आफ्नो वक्तव्यमा जिल्लाधीश श्री हेमकुमार छेत्री कृषकहरूलाई दूध उत्पादवाट जीविका धान्ने परामर्श दिँदै राज्य सरकारद्वारा उप्लब्ध गराइएका लाभहरूको उपभोग गर्ने आग्रह गर्नुभयो।

उहाँले जिल्ला अधिकृतहरूले कृषकहरूलाई सबै प्रकारका सहयोग गर्ने कुरो बताउनुभयो।

विश्व पशुचिकित्सा दिवसको महत्व र आवश्यक स्वास्थ्य कार्यकर्ताको रूपमा पशुचिकित्सकहरूको भूमिकावारे प्रकाश पार्दै पशुपालन तथा पशुचिकित्सा सेवा विभागकी संयुक्त निदेशक सुश्री दिछेन काल्योनले भन्नुभयो सामुदायिक समृध्दि सुनिश्चित गर्न ढिगो र स्वच्छ पशुपालन अभ्यासको आवश्यक पर्छ।

पछि पहिलो तीन स्थानमा आउने पशुपालकहरूलाई पुरस्कृत गरियो।

बाछा ऱ्याली सँगै पशुरोगको रोकथाम तथा प्रवन्धनमाथि जागरूकता कार्यक्रम पनि आयोजना गरिएको थियो।

---

## Power shutdown

रज्यको विद्युत विभागवाट प्राप्त जानकारी अनुसार टोपाखानी स्थित 66/11 किलोभोल्ट केन्द्र र प्रभावित क्षेत्रहरूका सबै वितरण नेटवर्कमा मरम्मति कार्य गरिने विहान पाँच बजीदेखि दिउँसो दुई बजीसम्म बिजुली आपुर्ति हुनेछैन।

यी स्थानहरू हुन् सिङताम, शान्तिनगर, तिमी, बर्मेक, साउने गोलीटार, अस्पताल, साङखोला, सिमिन लिङजे, टोपाखीनी, माखा, साम्दोङ, राक्ठोङ, तिन्तोक र साङ मार्ताम।

यी ठाउँहरूमा आउँदो शनिवार र सात मईका दिन पनि बिजुली सप्लाई ठप्प रहनेछ।

---

## Training new criminal law

नयाँ आपराधिक कानून सम्वन्धमा दोस्रो चरणको प्रशिक्षण कार्यक्रम आज सोरेङमा आयोजित भयो।

यो नयाँ कानून आउँदो जुलाई महिनादेखि लागू हुनेछ।

प्रशिक्षणका बेला भारतीय साक्ष्य ऐन BSA 2023 र Indian Evidence Act IEA 1872 को तुल्नात्मक अध्ययनको चर्चा गर्दै गेजिङका पुलिस धीक्षक श्री जे. जय पाण्डियनले पुरानो र नयाँ कानूनका धारामा भएको परिवर्तनवारे अवगत गराउनुभयो।

यस अवसरमा सोरेङका महकुमा पुलिस अधिकारी, पुलिस थाना प्रभारीहरू र पुलिस अधिकारीहरू उपस्थित थिए।

---